IMMIGRANT SERVICES Guelph-Wellington

# मार्च २०२२ अपडेट

इमिग्र्यान्ट सर्भिसेस आफ्ना सेवाग्राहीहरूलाइ पुन  इन-पर्सन अपॉइंटमेंटमा स्वागत गर्न पाउँदा खुसी छ! हामी तपाईंलाई व्यक्तिगत रूपमा फेरि भेट्न पाउँदा खुसी छौं!

**हामी सोमबार देखि शुक्रबार बिहान ९ बजे  देखि ४ बजे सम्म दैनिक खुल्ला हुनेछौं।**

**तपाइँले  हाम्रो कार्यालयमा आउनकोलागी अपोइन्टमेन्ट लिनुपर्छ।**

कृपया COVID-19 स्क्रिनिङ फारम भर्नुहोस् जुन तपाइँको अपोइन्टमेन्ट अघि तपाइँलाई इमेल गरिनेछ। कृपया तपाइँ आफ्नो  अपोइन्टमेन्टमा आउनु अघि  त्यो COVID-19 स्क्रिनिङ फारम ईमेल गरेर हामीलाई फिर्ता गर्नुहोस्।

हामी तपाईंलाई आफ्नो अपोइन्टमेन्टको लागि समयमै आउन, अफिस भित्र हुँदा मास्क लगाउन, प्रदान गरिएको ह्यान्ड सेनिटाइजर प्रयोग गर्न र सामाजिक दुरी कायम राख्न अनुरोध गर्दछौं। हामी तपाईंलाई आफ्नो अपोइन्टमेन्टमा परिवारका सदस्यहरूलाई साथमा नल्याउन पनि प्रोत्साहन गर्छौं।

कृपया आफ्नो अपोइन्टमेन्टमा आफ्नो अध्यागमन (इमिग्रेशन) कागजात साथमा ल्याउन नबिर्सनुहोस्।

सबैको सुरक्षाको लागि, हामीले रिसेप्शनमा र अपोइन्टमेन्टहरू हुने प्रत्येक डेस्कमा स्पष्ट अवरोधहरू लगाएका  छौं। हामी हाम्रो कार्यालयमा एक पटकमा सिमित संख्यामा मानिसहरुलाई आउन अनुमति दिन्छौ। कार्यालयमा हाम्रा केही कर्मचारीहरू मात्र दैनिक काम गर्नेछन्। अरू कर्मचारीहरू घरबाटै  फोन, इमेल र भिडियो च्याट मार्फत सेवाग्राहीहरूलाइ सेवा दिनेछन्।

**यदि तपाई बिरामी हुनुहुन्छ भने, कृपया घरमै बस्नुहोस्।** हामीलाई कल गर्नुहोस् र हामी तपाईंको अपोइन्टमेन्ट पुनर्निर्धारित गर्नेछौं वा टेलिफोन वा भिडियो च्याट मार्फत सेवा प्रदान गर्नेछौं।

हाम्रा कार्यशालाहरू र समूह कक्षाहरू अर्को सूचना नभएसम्म जुम (Zoom) मार्फत अनलाइन सञ्चालन हुने छन्।

**अपोइन्टमेन्ट बुक गर्न ५१९-८३६-२२२२ मा कल गर्नुहोस्।**

104 Dawson Road, Unit 102, Guelph, ON  N1H 1A6   **T:** 519-836-2222  **F:** 519-837-2884   **www.is-gw.ca**